नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रशासन विभाग, भण्डार शाखा
कार्यालय कोड नं.: ४३५१२

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी २१ दिने बोलपत्र आव्हानको सूचना।

सूचना नं. १

प्रथम पटक प्रकाशित मिति २०८२/०२/०९ गते।

नेपाल प्रहरी प्रधान कार्यालयबाट प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरि २२ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई आव्हान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा नेपाल प्रहरी प्रधान कार्यालय भण्डार शाखामा सम्पर्क राख्न अनुरोध छ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको कुल न्यूनतम मूल्य (मु.अ.कर बाहेक) रू ३५,९१,७८५ (अक्षेरुपी पैतीस लाख एकानब्बे हजार सात सय पच्चासी) रहेको छ।

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी प्रधान कार्यालय

प्रशासन विभाग ,भण्डार शाखा

कार्यालय कोड नं.: ४३५१२

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

सूचना नं.१

प्रथम पटक प्रकाशित मिति २०८२/०२/ ०९ गते

नेपाल प्रहरी प्रधान कार्यालय, प्रमनिको सचिवालय, कार्य विभाग, अपराध अनुसन्धान विभाग, प्रशासन विभाग, प्रबन्ध निर्देशनालय, सूचना प्रविधि निर्देशनालय, संचार निर्देशनालय, भौतिक पुर्वाधार निर्देशनालय, सवारी महाशाखा, शाखा , प्रधानमन्त्री विशेष सुरक्षा इकाई बालुवाटार मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरुले नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन विभाग भण्डार शाखाबाट आवश्यक जानकारी हासिल गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताहरुले २०८२/०२/२९ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू २००० ( दुई हजार ) का दरले राष्ट्रिय बाणिज्य बैक ठमेल स्थित नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन विभाग, आर्थिक प्रशासन शाखा नक्सालको राजकश्व खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३१४०४३५१२ राजश्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कलै राजश्व दाखिला भौचर सहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी बोलपत्र फाराम खरिदका लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु २२ औं दिनको १४:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानहरु हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र भण्डार शाखामा सम्पर्क राख्नु पर्ने छ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको नाममा धरौटी खाता नं.११००१००१०२०३०००० मा जम्मा गरी सो को सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैक जमानत पेश गर्नु पर्नेछ।

७. सबैभन्दा अधिकतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।